# कोका-कोला कम्पनी (The Coca-Cola Company) को मानव अधिकार नीति

सम्मान
सञ्चार
अधिकार
विश्वास
आत्म-सम्मान
समुदाय

## मानव अधिकारको सम्मान

मानव अधिकारको सम्मान गर्नु कोका-कोला कम्पनी (The Coca-Cola Company)को मूलभूत मान्यता हो। हामी आफ्रा कर्मचारी, आपूर्तीकर्ता र स्वतन्त्र बोटलरहरूसँगको हाम्रो सम्बन्धहरूमा युएनको व्यवसाय र मानव अधिकारहरूका मार्गदर्शी सिद्धान्तहरूका आधारमा मानव अधिकारहरूको सम्मान र प्रवर्द्धन गर्न सङ्घर्ष गर्दछौं। हाम्रो लक्ष्य भनेको हामी सञ्चालनमा रहेका समुदायहरूमा मानव अधिकारहरूको आनन्द लिने कार्यलाई बढाउनमा मद्दत गर्नु हो।

यो नीति कार्यक्षेत्रको आधारभुत अधिकार र सिद्धान्त र अधिकारहरूको अन्तर्राष्ट्रिय अधिकार पत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको 1998 घोषणापत्रमा समावेश भएका सहित मानव अधिकारको विश्वव्यापी घोषणा समेटिएको अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्तहरू अनुसार मार्गनिर्देशित छ।

यो नीति कोका-कोला कम्पनी, हाम्रो स्वामित्वमा रहेका निकाय, हाम्रो अधिकांश अधिकार भएका निकाय र हामीले व्यवस्थित गरेका प्रतिष्ठानहरूमा लागू हुन्छ। कम्पनीले स्वतन्त्र बोटलर र आपूर्तिकर्ताहरूलाई पनि यी सिद्धान्तहरू आत्मसात गर्ने र आफ्रा व्यवसायहरूमा समान नीतिहरू अपनाउने अपेक्षा गर्छ।

हामीले आफ्रो व्यवसायका मानिस र मूल्य श्रृङ्खलाका मानव अधिकार जोखिमहरूको पहिचान गर्न र रोकथाम गर्न र यससँग आबद्ध मानिसहरूको सुक्ष्म जाँच पड्ताल माध्यमको रूपमा प्रयोग गर्छौं। हामीले आफ्रा व्यावसायिक गतिविधिहरूबाट हुने वा निम्तिने प्रतिकूल मानव अधिकारका प्रभावहरूलाई पहिचान गरेका हुन्छौं, त्यहाँ हामी तिनीहरूको निष्पक्ष र न्यायोचित समाधान उपलब्ध गराउन वा सहकार्य गर्न प्रतिबद्ध छौं। हामी तेस्रो पक्षहरूसँग आफ्रा सम्बन्धहरूमार्फत त्यस्ता प्रतिकूल प्रभावहरूमा जोडिँदा वा त्यसमा संलग्न हुँदा समाधान गर्ने पहुँचको प्रवर्द्धन गर्न खोजिरहन्छौं।

मानव अधिकार नीतिलाई कोका-कोला कम्पनीका प्रमुख कार्यकारी अधिकारी सहित सञ्चालक समितिद्वारा निरीक्षण गरिन्छ।

## समुदाय र सरोकारवालाको संलग्नता

हामीले आफुलाई सञ्चालित समुदायहरूका हामी एउटा हिस्सा हौं भन्ने पहिचान गरेका छौं। हामी समुदायहरूका भूमिको अधिकार, पानीको पहुँच र स्वास्थ्य जस्ता मानव अधिकारका महत्त्वपूर्ण विषयहरूमा संलग्न रहन्छौं। हामी आदिवासी मानिसहरू लगायत असहाय अति मर्कामा परेका र असुरक्षित समूहहरू सहितका समुदायहरूका मानिसहरूसँग पनि संलग्न रहन्छौं। हामीले आफ्रो व्यवसाय सञ्चालन गर्दा संवाद मार्फत तिनीहरूका कुराहरू सुनिरहेका छौं, तिनीहरूका विचारहरूबाट सिकिरहेका र विचारहरूलाई ध्यान दिन्छौं भन्ने सुनिश्चित गर्ने हाम्रो लक्ष्य हो। स्थानीय स्तरका समस्याहरू स्थानीय स्तरमा सबैभन्दा उचित तरिकाले सम्बोधन गरिएका छन् भन्नेमा हामीलाई विश्वास छ।

हामी आफ्रो व्यवसायसँग सम्बन्धित मानव अधिकारका मामिलाहरूमा उपयुक्त तवरले व्यापक दायराका नागरिक समाज र सरोकारवालाहरूसँग संलग्न हुन्छौं। यसका साथै, हामीले हाम्रो कम्पनी, हामीसँग आबद्ध र हाम्रा विभिन्न प्रयोजनहरूको माध्यमबाट मानव अधिकारहरूको सम्मानलाई प्रवर्द्धन गर्न खोज्दछौं।



The Coca-Cola Company

# कोका-कोला कम्पनीको मानव अधिकार नीति (क्रमशः)

सम्मान
सञ्चार
अधिकार
विश्वास
आत्म-सम्मान
समुदाय

## विविधता र समावेशिता

हामीले आफूसंग काम गर्ने मानिसहरूको विविधता र समावेशिता कदर गर्दछौं र वृद्धि गर्दछौं। हामी समान अवसरको लागि प्रतिबद्ध छौं र भेदभाव र उत्पीडन प्रति अशहनशील छौं। हामी जाति, लिङ्ग, रङ, राष्ट्रियता वा सामाजिक मूल, जातियता, धर्म, उमेर, असक्षमता, यौन झुकाव, लैङ्गिक पहिचान वा अभिव्यक्ति, राजनैतिक विचार वा प्रचलित कानूनद्वारा संरक्षित अन्य कुनै स्थितिका आधारमा भेदभाव वा उत्पीडनमुक्त कार्यस्थलहरू बनाउनको लागि काम गर्न प्रतिबद्ध छौं। कम्पनीमा नोकरीको नियुक्ति, पदस्थापन, वृत्ति विकास , क्षतिपूर्ति र पदोन्नतिका कुरा योग्यता, कार्यसम्पादन, सीप र अनुभवको आधारमा हुन्छ।[1]

हामीले अनादरजनक वा अनुचित व्यवहार, अन्यायपूर्ण व्यवहार वा कुनै पनि प्रकारको प्रतिशोधलाई सहन गर्देनौं। उत्पीडनलाई कार्यस्थल र कार्यस्थल बाहिरका कुनै पनि कामसँग सम्बन्धित परिस्थितिमा सहन गरिँदैन।

## संगठन बनाउने तथा सामूहिक सौदाबाजी गर्ने स्वतन्त्रता

हामीलाई आफ्ना कर्मचारीहरूलाई प्रतिशोध, धम्की वा उत्पीडनबिना श्रम संगठनमा सहभागी हुने, श्रम संगठन निर्माण गर्ने वा सहभागी नहुने अधिकारको सम्मान गर्छौं। कर्मचारीहरूले कानूनी रूपमा मान्यताप्राप्त संगठनको प्रतिनिधित्व गर्दा, हामी तिनीहरूले स्वतन्त्र रूपमा छनोट गरेका प्रतिनिधिहरूसँग रचनात्मक संवाद स्थापित गर्न प्रतिबद्ध छौं। कम्पनी त्यस्ता प्रतिनिधिहरूसँग सद्भावपूर्ण तरिकाले कुराकानी गर्न प्रतिबद्ध छ।

## सुरक्षित र स्वस्थकर कार्यस्थल

हाम्रा कर्मचारीहरूको सुरक्षा र स्वास्थ्य सर्वोपरि महत्त्वको विषय हो। हाम्रो नीति भनेको सुरक्षित र स्वस्थ कार्यस्थल उपलब्ध गराउने र आन्तरिक आवश्यकताहरूको साथै प्रचलित सुरक्षा र स्वास्थ्य कानून तथा नियमहरूको पालना गर्नु हो। हामी आफ्ना कर्मचारीहरूसँग परामर्श गरेर पहिचान गरिएका दुर्घटना, चोटपटक र स्वास्थ्यलाई प्रभावपार्ने जोखिमहरूलाई सम्बोधन गरी समाधान गरेर सुरक्षित, स्वस्थ र उत्पादनशील कार्यस्थल उपलब्ध गराउन र कायम राख्न काम गर्दछौं।

## कार्यस्थल सुरक्षा

हामी हिंसा, उत्पीडन, धम्की र आन्तरिक र बाह्य चुनौतिहरूका कारण हुने असुरक्षित वा अवरोधात्मक अवस्थाहरूरहित कार्यस्थल कायम राख्न प्रतिबद्ध छौं। कर्मचारीहरूलाई आवश्यकता अनुसार सुरक्षा उपायहरू उपलब्ध गराइन्छ र कर्मचारीहरूको गोपनीयता र आत्मसम्मानकासाथ कायम राखिएको छ।

## बाधाँ श्रम तथा मानव तस्करी

हामीले कारागार श्रम, करारनामा श्रम, अनुबन्धित कामदार, सैनिक श्रम, आधुनिक स्वरूपको दासत्व र कुनै पनि प्रकारको मानव तस्करी सहितका सबै प्रकारको बाँधा श्रमको प्रयोग गर्न प्रतिबन्ध गर्छौं।

## बाल श्रम

हामीले जोखिमयुक्त कार्य गर्न आवश्यक पर्ने पदहरूका लागि 18 वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई नोकरीमा राख्न प्रतिबन्ध गर्छौं।



The Coca-Cola Company

# कोका-कोला कम्पनीको मानव अधिकार नीति (क्रमश:)

सम्मान
सञ्चार
अधिकार
विश्वास
आत्म-सम्मान
समुदाय

## कार्य समय, तलब तथा सुविधाहरू

हामीले कर्मचारीहरूलाई प्रचलित सामुहिक सम्झौताहरूका शर्तहरूका आधारमा उद्योग र स्थानीय श्रम बजारभन्दा सापेक्षिक रूपमा प्रतिस्पर्धात्मक रूपमा तलब-सुविधा उपलब्ध गराउछौं। हामी प्रचलित कानुन अनुसार तलब, काम गर्ने समय, ओभरटाइम र सुविधायुक्त सम्बन्धी कानुनहरूको पूर्ण पालना गर्ने सुनिश्चित गर्न काम गर्छौं।

## भूमि अधिकार र पानीका स्रोतहरू

हामीले विशेष नीति र कार्यद्वारा सम्बोधन गर्दा हामीसँग आबद्ध भएकाहरूको भूमिको र पानीको प्रयोगमा हुन सक्ने मानव अधिकारको सम्मानका सम्बन्धमा हामीले महत्त्वपूर्ण उत्झनहरूलाई पहिचान गर्छौं।

हामीले खाद्य पदार्थहरू सिधै फार्महरूबाट विशेषगरी खरिद नगरेतापनि, हामी धेरै कृषि उत्पादनहरूको मुख्य खरिदकर्ताको रूपमा स्थानीय कृषक र समुदायहरूको भूमिको अधिकारहरूलाई सुरक्षित राख्न मद्दत गर्नका लागि कदम चाल्न र आफ्ना मान्यताहरूमा बाध्य हुन्छौं।

हामी दिगो रूपले पानीको आपूर्ति, सुरक्षित खानेपानी र इकोसिस्टम र समुदायहरू दुबैलाई उपयुक्त सरसफाई मार्फत संरक्षण गर्ने मानवीय आवश्यकताहरूको सम्मान गर्छौं। हाम्रो पानी प्रबन्धन (स्टेवार्डशीप) कार्यक्रममार्फत, हामीले आवश्यक परेको जुनसुकै बखतमा पानीको समस्या समाधानहरूको विकास गर्न र साथै हाम्रा प्रतिष्ठानहरूमा स्रोत पानी संरक्षण योजनाहरूको कार्यान्वयन गरी स्थानीय पानीका जोखिमहरूको मूल्याङ्कन गरेर, सरकार, समुदाय र अन्य सरोकारवालाहरूसँग परामर्श र साझेदारी गरेर जोखिमहरू कम गर्ने पानीका अधिकारहरूमा आधारित अवधारणाको अनुसरण गर्छौं।

## स्वस्थ जीवन शैली

हामी उपभोक्ताहरूलाई स्वस्थ जीवनशैलीसँग सुसंगत हुने सूचित रोजाइहरूका निर्णय गर्नको लागि सक्षम बनाउन पारदर्शी पोषण जानकारी र विभिन्न दायराका पेय पदार्थका विकल्पहरू उपलब्ध गराउन प्रतिबद्ध छौं।

## कर्मचारीहरूलाई मार्गदर्शन र रिपोर्टिङ

हामी सबै कर्मचारीहरूलाई खुला तथा इमान्दारीताका साथ सूचना प्रवाहित गर्दै आदरभाव र सम्मानयुक्त कार्यस्थल बनाउन संघर्ष गर्दछौं। कम्पनी हामीले सञ्चालित गरेका स्थानको प्रचलित श्रम तथा रोजगार कानूनहरू पालना गर्न प्रतिबद्ध छ। कम्पनीले कर्मचारीहरूलाई तालिम र वार्षिक प्रमाणिकरण प्रक्रियामार्फत मानव अधिकार नीतिप्रति सचेत छन् भन्ने पनि सुनिश्चित गर्छ।

कुनैपनि कर्मचारीलाई यस नीतिको भाषा र कानूनहरू, आफू काम गर्ने ठाउँको नीति र अभ्यासहरूकाबीच द्वन्द्व रहेको विश्वास लागेमा वा कुनै कर्मचारीलाई यस नीतिको बारेमा कुनै जिज्ञासाहरू भएमा वा यस नीतिको सम्भावित उल्लङ्घनको गोपनीय ढङ्गले रिपोर्ट गर्न चाहेमा, त्यस्ता जिज्ञासा र सरोकारहरू स्थानीय व्यवस्थापन, मानव संसाधन, कानूनी विभाग वा रणनीतिक सुरक्षा सक्षम राख्न सक्नेछ। कर्मचारीहरूले नीतिको शंकास्पद उल्लङ्घनहरूको इथिक्सलाइन(EthicsLine) सुरक्षित इन्टरनेट वेबसाइट www.KOethics.com मार्फत वा www.KOethics.com वेबसाइटमा फेला पार्न सकिने उपयुक्त टोल फ्री नम्बरमा फोन गरी तिनीहरूको स्थानको रिपोर्ट गर्न सक्नेछन्। यस नीति अन्तर्गत जिज्ञासाहरू उठाउने कर्मचारीलाई बदला वा प्रतिशोधको कदम चालिने छैन। कम्पनीले कर्मचारीहरूका जिज्ञासाहरूलाई अनुसन्धान गर्ने, सम्बोधन गर्ने र प्रतिक्रिया जनाउनेछ र कुनै पनि उल्लङ्घनको प्रतिक्रियाको उपयुक्त सुधारात्मक कदम चाल्नेछ।



The Coca-Cola Company

# कोका-कोला कम्पनीको मानव अधिकार नीति (क्रमशः)

मानव अधिकार नीति कम्पनीको व्यवसाय आचार संहितासँग पंक्तिबद्ध छ। अनुवादहरू र सम्बन्धित जानकारी सहित यो नीतिलाई कम्पनीको इन्टरनेट साइटमा फेला पार्न सकिन्छः http://www.coca-colacompany.com/

युरोपेली संघका व्यक्तिहरूलाईः कृपया ध्यान दिनुहोस् कि, युरोपियन युनियन विधानको कारणले, इथिक्सलाइन फोन वा वेब सेवाहरूले वित्तीय, लेखा र लेखा परीक्षणहरूका कुराहरू मात्र रिपोर्ट गर्न अनुमति दिन्छन्। मानव तथा कार्यस्थल अधिकार नीतिका समस्याहरूको रिपोर्ट गर्न, आफ्नो स्थानीय व्यवस्थापन, मानव संसाधन, स्थानीय प्रशासनिक मामिला जाँच अधिकारी वा कानूनी विभागमा सम्पर्क गर्नुहोस्।

## सार्वजनिक रिपोर्टिङ

हामीले आम मानिसहरूलाई हाम्रा मानव अधिकारहरूसँग सम्बन्धित प्रतिबद्धता, प्रयत्न र कथनहरूमा मानव अधिकार नीतिसँग सुसंगत भई मानव अधिकार प्रतिवेदन र वार्षिक वहनीयता प्रतिवेदनको भागको रूपमा प्रतिवेदन गर्छौं। यस प्रतिवेदनले युएन मार्गदर्शी सिद्धान्तहरूको रिपोर्टिङको संरचनालाई क्रस सन्दर्भ गर्छ।

*कम्पनीले यो नीतिलाई कुनैपनि समयमा परिमार्जन गर्ने अधिकार राख्दछ। यस नीतिको कुनै पनि कुराले कम्पनी र यसका कर्मचारीहरूसँग भएका सम्झौता वा यस कार्यक्रममा हुने सहभागिताले कोका-कोला कम्पनीसँग रोजगारीका निरन्तरताको ग्यारेण्टी हुने वा लागू हुने होइन।*



The Coca-Cola Company